# गोलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## गोलबजार, सिरहा

प्रदेश नं. २, नेपाल

प.सं.२०७६/०७७(रोजगार सेवा केन्द्र)

च.नं.: ३०२

मितिः२०७६।०५।१३

विषय : बेरोजगारको अन्तिम सूची सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु,
गोलबजार नगरपालिका,
गोलबजार, सिरहा ।

उपरोक्त सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रले सबै बेरोजगारहरुका निवेदनहरुको इन्ट्री गरिसकेको छ । वडा नं. १,२,३,४,५, ६ र ११ ले बेरोजगारहरुको सम्पूर्ण सूचीको विवरण यस अघि नै बुझिसक्नुभएको छ र वडा नं. ७,८,९,१०,१२ र १३ को सूची तयार भएर रोजगार सेवा केन्द्र शाखामा उपलब्ध छ । सो उपलब्ध सूची प्राप्त गरी सबै वडा कार्यालयहरुले ०७६।०५।१७ गते भित्र रोजगारीको हकसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को नियमभित्र रही वडा समितिको निर्णय सहित सूचीकृत लिस्टबाट बास्तविक बेरोजगारहरुको पहिचान गरी अन्तिम सूचीको सिफारिस पठाउनुहुन अनुरोध छ । उक्त सूचीमा यस भन्दा पहिला सिफारिस गरी पठाउनु भएका वडा कार्यालयहरुले अनिबार्य रुपमा ती बेरोजगारहरुको नामावली राख्नु पर्ने छ । यो अन्तिम सूची भएकोले नियम कानूनको पूर्ण नियमभित्र रही बेरोजगारका सूची बनाउनु हुन विशेष अनुरोध छ ।

पुनश्चयः
यस सम्बन्धी कुनै समस्या देखिएमा रोजगार संयोजकको सम्पर्क नं.९८५२८३२००९/९८१५७९११६४ मा सम्पर्क राख्नुहुन जानकारीका लागि अनुरोध छ ।

२०७६।५।१३

जयराम अधिकारी
उप-सचिव

बोधार्थ :
- श्री सूचना प्रविधि शाखा
(सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।)